# भूकम्पबाट पूर्णरुपमा क्षति भएका आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि २०७२

नेपाल सरकार

**सहरी विकास मन्त्रालय**

सिंहदरबार, काठमाडौं ।

# भूकम्पबाट पूर्णरुपमा क्षति भएका आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि २०७२

२०७२ साल बैशाख १२ गते गएको विनाशकारी भूकम्प र त्यसपछिका परकम्पहरुबाट हुन गएको क्षतिको पुनर्निर्माण गर्न अत्यावश्यक भएकोले, आर्थिक वर्ष २०७२।०७३ को बजेट वक्तव्यको बुँदा नं ३२ कार्यान्वयन गरी नेपाल सरकारले भूकम्पबाट पूर्णरुपमा आवास भवन क्षति भएका जनताहरुलाई प्रदान गर्ने अनुदानलाई सरल एवं व्यवस्थित बनाई आवास भवन निर्माणको मापदण्ड तथा प्रकृया निर्धारण गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनिय भएकोले,

नेपाल सरकारले यो कार्यविधि बनाएको छ ।

**१. नाम, विस्तार र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "भूकम्पवाट पूर्णरुपमा क्षति भएका आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि २०७२" रहेको छ ।

(२) यो कार्यविधि नेपाल सरकार मन्त्रिपरिषद्ले तोके बमोजिमका भूकम्प प्रभावित जिल्लाहरुमा लागू हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "लक्षित वर्ग" भन्नाले २०७२ वैशाख १२ गतेको भूकम्प र त्यसपछिका परकम्पबाट पूर्ण रुपमा क्षतिभएका आवासका घरधनीहरु सम्झनु पर्छ ।

(ख) "विभाग" भन्नाले प्रसंग अनुसार सहरी विकास तथा भवन निर्माण विभाग र स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागलाई सम्झनु पर्छ ।

(ग) "डिभिजन कार्यालय" भन्नाले सहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतका सम्वन्धित डिभिजन कार्यालयलाई सम्झनु पर्छ ।

(घ) "जिल्ला प्राविधिक कार्यालय" भन्नाले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतका जिल्ला प्राविधिक कार्यालयलाई सम्झनु पर्छ ।

(ङ) "आवास इकाई" भन्नाले स्वीकृत डिजाईन अनुसारको प्रविधि अबलम्बन गरी निर्माण गरिएका आवास इकाईलाई सम्झनु पर्छ ।

(च) "लाभग्राही" भन्नाले दफा ४ बमोजिम छनौट भएको व्यक्ति वा परिवारलाई सम्झनु पर्छ ।

(छ) "केन्द्रीय आयोजना कार्यान्वयन इकाई" भन्नाले आवास कार्यक्रम संचालन गर्न विभागहरुमा स्थापना भएका आयोजना कार्यान्वयन इकाईहरु (Central Level Project Implementation Unit, CLPIU) लाई सम्झनु पर्छ ।

(ज) "जिल्ला आयोजना कार्यान्वयन इकाई" भन्नाले आवास कार्यक्रम संचालन गर्न दफा ७ को उपदफा (३) बमोजिम स्थापना भएको सम्वन्धित जिल्लाको

जिल्ला आयोजना कार्यान्वयन इकाई (District Level Project Implementation Unit , DLPIU) लाई सम्झनु पर्छ ।

(झ) "आयोजना संचालन कार्यविधि" भन्नाले आवास कार्यक्रम संचालन गर्नका लागि तयार भएको कार्यविधि सम्झनु पर्छ । यस कार्यविधिले दातृ निकायसँग सहमतीको आधारमा तयार भएको कार्यविधिलाई समेत जनाउने छ ।

(ञ) "स्थानीय निकाय" भन्नाले गाउँ विकास समिति र नगरपालिकाहरुलाई सम्झनु पर्छ ।

**३. लाभग्राहीको पहिचान :** (१) लाभग्राहीको पहिचान देहाय बमोजिम हुनेछ :

(क) मर्मत तथा प्रबलीकरण गर्दा पनि प्रयोग गर्न नसक्ने गरी पूर्णरुपमा क्षति भएका आवास भवनको घरधनी,

(ख) भूकम्पबाट क्षति भएको बाहेक सोही स्थान वा अन्यत्र आवास भवन नभएको व्यक्ति वा परिवार ।

(२) उपदफा (१) बमोजिमको लाभग्राहीसँग नागरिकताको प्रतिलिपी वा मतदाता प्रमाणपत्रको प्रतिलिपि वा जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि वा जिल्ला दैवी प्रकोप उद्दार समितिबाट प्रदान गरिएको परिचय पत्र हुनुपर्नेछ ।

(३) उपदफा (२) मा उल्लेखित कुनैपनि प्रमाण नभएको अवस्थामा स्थानीय समुदायको रोहवरमा भूकम्प पिडित भनी स्थानीय निकायले प्रमाणीकरण गरेको व्यक्ति भए पनि हुनेछ ।

**४. नक्सा र डिजाइन :** (१) डिभिजन कार्यालयले लाभग्राहीहरुलाई भूकम्प प्रतिरोधी प्रविधि सहितका नमूना आवासका डिजाइनहरु उपलव्ध गराउने छन् । लाभग्राहीले नमूना आवासका प्रविधिहरु मध्ये कुनै एक छान्नु पर्नेछ । यसमा कोठाको नाप र कोठाको संख्या आवश्यकता अनुसार थपघट गर्न सकिने छ ।

(२) घर निर्माण गर्दा अनिवार्य रुपमा भूकम्प प्रतिरोधी प्रविधि अनुशरण गर्ने, तालिम प्राप्त कालिगढवाट निर्माण कार्य गराउने र तोकिएको गुणस्तर कायम गर्ने गरी अनुदान प्राप्त गर्ने लाभग्राहीले स्थानीय निकायबाट प्राप्त हुने अनुसूची-१ अनुसारको दरखास्त भरी समझदारी पत्रमा दस्तखत गर्नुपर्ने छ ।

(३) उपदफा (२) मा उल्लिखित लाभग्राही र स्थानीय निकाय बीच हुने समझदारीपत्रको नमूना सहरी विकास तथा भवन निर्माण विभागले तयार पारी जिल्ला आयोजना कार्यान्वयन इकाईलाई उपलब्ध गराउने छ ।

(४) सहरी विकास तथा भवन निर्माण विभागले नक्सा, डिजाईन र भूकम्प प्रतिरोधी प्रविधि सम्बन्धी सुपरिवेक्षण गर्नेछ ।

(५) उपदफा (४) बमोजिमको सुपरिवेक्षणको लागि सहरी विकास तथा भवन निर्माण विभागले आवश्यकता अनुसार ईन्जिनियर, सव ईन्जिनियर, असिस्टेन्ट सव ईन्जिनियर करार सेवाबाट प्राप्त गरी व्यवस्था गर्नेछ ।

**५. वित्तीय प्रवन्ध :** (१) अनुसूची- २ बमोजिमको स्वघोषणा र दफा (५) को उपदफा (२) बमोजिमको समझदारीपत्रको आधारमा स्थानीय निकायले देहाय बमोजिमको प्रकृया पुरा गरी लाभग्राहीलाई अनुदान रकम वितरण गर्ने छ ।

(क) अनुदानको रकम स्थानीय निकायले लाभग्राहिको बैङ्क खातामा भुक्तानी गर्ने छ ।

तर, पहिलो किस्ता भूक्तानीको लागि वैंक खाता नभएका लाभग्राहीलाई नगदै अनुदान वितरण गरिने छ ।

(ख) रकम भुक्तानी गर्दा अनुसूची-३ बमोजिमको प्रकिया पुरा गरी ३ किस्तामा अनुदान उपलब्ध गराइनेछ । यस्तो अनुदान रकम अधिकतम २ लाख रुपैयाँ हुनेछ ।

(ग) दफा ५ वमोजिम छनौट गरिएको आवास भवनको डिजाइन र प्रविधि वमोजिम आवास भवन निर्माण गर्दा नेपाल सरकारले उपलब्ध गराउने २ लाख रुपैयाँ सम्मको सहायता रकम भन्दा वढी लागत रकम लाभग्राही आँफैले वेहोर्नु पर्नेछ । आफै व्यहोर्न नसक्ने लाभग्राहीहरुको हकमा ३ लाख रुपैयाँ सम्मको सहुलियत कर्जा लाभग्राहीहरुको सामुहिक जमानीका आधारमा बैंकिङ्ग प्रणालीबाट उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

(घ) सरकारवाट उपलव्ध हुने सहायताको सम्पूर्ण रकम आवास भवन निर्माणको कार्यमा खर्च गर्नु पर्नेछ र यो भन्दा कम लागतका आवास भवन निर्माण गरेमा सोही अनुसारको रकम मात्र अनुदान दिइनेछ ।

(ङ) समझदारी पत्र तथा खर्च सम्वन्धी विवरणको अभिलेख जिल्ला आयोजना कार्यान्वयन इकाईले राख्नेछ ।

(च) दफा (३) को उपदफा (३) सम्बन्धी प्रमाणीकरण तथा अनुदान रकम वितरण सम्बन्धी अन्य व्यवस्था सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) अन्य स्वदेशी वा विदेशी संघ संस्थाबाट आवास भवन निर्माणका लागि पूर्ण अनुदान वा आवास भवन नै प्राप्त गरेको लाभग्राहीलाई यस कार्यविधि बमोजिमको २ लाख रुपैयाँ अनुदान सहायता उपलब्ध गराइने छैन ।

(३) कुनै लाभग्राहीको एक भन्दा बढी आवास भवन क्षति भएकोमा त्यस्तो लाभग्राहीले यस कार्यविधिको अधीनमा एउटा आवास भवन पुनर्निर्माणका लागि अनुदान पाउने छ । एकभन्दा बढी स्थानमा आवास भवन हुने लाभग्राहीलाई अर्को स्थानमा घर पुनर्निर्माण गर्नु नपर्ने अवस्थामा यो अनुदान सहायता उपलब्ध गराइने छैन ।

(४) उपदफा (२) र (३) को प्रयोजनका लागी लाभग्राहीले अनुसूची- २ बमोजिको स्वयं घोषणाको फाराम भरी पेश गर्नु पर्नेछ ।

**६. निर्माण सामाग्री उपलब्ध गराउन सहयोग गर्ने :** (१) यस कार्यविधि बमोजिम अनुदान दिने आवासको लागि आवश्यक पर्ने जस्तापाता, सिमेन्ट, हुक, कब्जा जस्ता निर्माण सामाग्रीहरु स्थानीय बजारमा यथेष्ट मात्रामा उपलब्ध गराउन आवश्यक सहयोग र समन्वय सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सहयोगमा विभागहरु, डिभिजन कार्यालय, जिल्ला प्राविधिक कार्यालय र स्थानीय निकायहरुले गर्ने छन् ।

(२) उपदफा (१) बमोजिमको निर्माण समाग्रीहरुको गुणस्तरको सुनिश्चितताका लागि जिल्ला आयोजना कार्यान्वयन इकाईले र यस्ता सामाग्रीहरु व्यवस्थाको लागि जिल्ला प्रशासन कार्यालयले आवश्यक कार्य गर्नेछन् ।

**७. विभागहरु तथा अन्तर्गतका निकायहरुको भूमिका :** (१) केन्द्रिय आयोजना कार्यान्वयन इकाईको गठन आयोजना संचालन कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको केन्द्रीय आयोजना कार्यान्वयन इकाईको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ :

(क) केन्द्रीय आयोजना कार्यान्वयन इकाईहरु र जिल्ला आयोजना कार्यान्वयन इकाईहरु बीच समन्वय र सहयोगीको भूमिका निर्वाह गर्ने ।

(ख) नमूना डिजाईन तयार गर्ने, परिमार्जन गर्ने तथा जिल्ला आयोजना कार्यान्वयन इकाईलाई आवश्यकता अनुसारका प्राविधिक सहयोगहरु उपलव्ध गराउने ।

(ग) अनुगमन तथा मूल्याङ्कन गरी डिजाइन/ड्रइङ्गमा आवश्यक परिमार्जन गर्न सिफारिस सहित सहरी विकास मन्त्रालयमा पठाउने ।

(घ) आवश्यकता अनुसार केन्द्र, स्थानीय स्तरको आयोजना कार्यान्वयन स्रोत केन्द्रहरु, गाउँ विकास समिति तथा नगरपालिकाहरुमा विभिन्न तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु सरकारी र गैर सरकारी संघ संस्थाहरु समेत परिचालन गरी संचालन गर्ने गराउने ।

(३) प्रत्येक जिल्लामा देहाय बमोजिमको "जिल्ला आयोजना कार्यान्वयन इकाई" को स्थापना गरिनेछ ।

| | | |
|---|---|---|
| (क) | स्थानीय विकास अधिकारी | आयोजना संयोजक |
| (ख) | सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय प्रमुख | सदस्य |
| (ग) | स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, जिल्ला प्राविधिक कार्यालय प्रमुख | सदस्य |
| (घ) | आयोजना संचालन कार्यविधिले तोकेका अन्य व्यक्ति | सदस्यहरु |

(४) उपदफा (३) बमोजिमको जिल्ला कार्यान्वयन इकाईमा आयोजना व्यवस्थापकको कार्य आयोजना संचालन कार्यविधिमा व्यवस्था भएको सदस्यले गर्नेछ ।

(५) उपदफा (३) बमोजिमको जिल्ला आयोजना कार्यान्वयन इकाईले देहाय बमोजिमका कार्यहरु गर्नेछ :

(क) जिल्ला स्थित निकायहरुसंग आवश्यकता अनुसार समन्वय गर्ने ।

(ख) आवास भवनहरुको निर्माण कार्यको आवधिक रुपमा (अनुसूची- १ वमोजिम) प्राविधिक निरीक्षण गरी किस्ता वितरणको लागि स्थानीय निकायमा सिफारिस गरी पठाउने ।

(ग) कार्यक्रमको अनुगमन तथा प्रगति प्रतिवेदन तयार गर्ने ।

(घ) भुकम्प प्रतिरोधी आवास भवन निर्माण सम्वन्धी आवश्यक पर्ने क्षमता अभिवृद्धिका तालिमहरु संचालन गर्ने गराउने ।

(ङ) दफा (५) बमोजिमको वित्तीय प्रबन्धका लागि अनुसूचि - ३ अनुसारको प्रकिया र स्वीकृत नक्शा डिजाइन बमोजिम भूकम्प प्रतिरोधी प्रविधिको पालना भए नभएको प्राविधिक निरीक्षण गर्ने ।

(च) उपदफा (३) बमोजिमको जिल्ला आयोजना कार्यान्वयन इकाईले आवश्यकता अनुसार गाउँ विकास समिति तथा नगरपालिकाहरुलाई समेटी स्थानीय स्तरको आयोजना कार्यान्वयन स्रोतकेन्द्रहरुको स्थापना गर्न सक्नेछ । यस्ता स्रोतकेन्द्रहरुको काम, कर्त्तव्य र अधिकार जिल्ला आयोजना कार्यान्वयन इकाईले निर्धारण गरे बमोजिम हुनेछ । जिल्ला आयोजना कार्यान्वयन इकाईले स्थानीय स्तरको आयोजना कार्यान्वयन स्रोत केन्द्रहरुलाई प्राविधिक निरीक्षण लगायतका कार्यहरु गर्न अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

**८. योजना समन्वय र व्यवस्थापन :** (१) नेपाल सरकारले गठन गरेको पुनर्निर्माण प्राधिकरणले भूकम्पबाट क्षति पुगेका आवास भवनहरुको पुनर्निर्माणका लागि कार्यक्रम तथा बजेटको व्यवस्थाका साथै आवश्यक नीति, निर्देशन प्रदान गर्नेछ । तर पुनर्निर्माण प्राधिकरण गठन नभएसम्मका लागि प्राधिकरणले गर्ने भनी उल्लेख भएका कार्यहरु राष्ट्रिय योजना आयोगबाट गरिनेछ ।

(२) आवास भवन पुनर्निर्माण सम्बन्धी कार्यक्रम संचालन सम्बन्धमा आवश्यक व्यवस्था गर्न केन्द्रीय स्तरमा देहाय बमोजिमको एक केन्द्रीय आवास पुनर्निर्माण निर्देशक समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | प्रमुख कार्यकारी अधिकृत, पुनर्निर्माण प्राधिकरण | संयोजक |
| (ख) | सचिव, सहरी विकास मन्त्रालय | सदस्य |
| (ग) | सचिव, सङ्घीय मामिला तथा स्थानिय विकास मन्त्रालय | सदस्य |
| (घ) | सहसचिव, राष्ट्रिय योजना आयोग | सदस्य |
| (ङ) | सहसचिव, अर्थ मन्त्रालय | सदस्य |
| (च) | सहसचिव, विपद् व्यवस्थापन महाशाखा, गृह मन्त्रालय | सदस्य |
| (छ) | सहसचिव, सहरी विकास मन्त्रालय | सदस्य सचिव |

(३) उपदफा (२) खण्ड (क) बमोजिमको संयोजकको कार्य पुनर्निर्माण प्राधिकरण स्थापना भई प्रमुख कार्यकारी अधिकृत नियुक्त नभए सम्मका लागि राष्ट्रिय योजना आयोगका उपाध्यक्षले गर्नेछन् ।

(४) उपदफा (२) बमोजिमको समितिले आवश्यकता अनुसार विज्ञ र पदाधिकारीहरुलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) केन्द्रीय आयोजना कार्यान्वय इकाईका आयोजना निर्देशकहरुले बैठकमा छलफल गर्नुपर्ने विषयहरु समितिलाई उपलब्ध गराउने छन् ।

(६) उपदफा (२) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक नीति तर्जुमा गर्ने ।

(ख) कार्यक्रम सञ्चालन तथा कार्यान्वयनको क्रममा मन्त्रालय, विभागहरु, केन्द्रिय आयोजना कार्यान्वयन इकाईहरु, जिल्ला आयोजना कार्यान्वयन इकाईहरु तथा अन्य निकायहरुलाई आवश्यक निर्देशन दिने ।

(ग) कार्यक्रमको प्रगति समीक्षा गर्ने, सम्बन्धित केन्द्रीय निकायहरु बीच समन्वय गर्ने ।

(घ) आवश्यक भएमा लाभग्राही र अन्य निकायहरु बीच समन्वय जुटाउने ।

(ङ) कार्यक्रम कार्यान्वयनको क्रममा आई परेका बाधा अड्काउ फुकाउने ।

(च) केन्द्रीय दैवी प्रकोप उद्धार समितिको निर्देशन कार्यान्वयन गर्ने गराउने ।

(छ) स्थानीय निकाय र जिल्ला आयोजना कार्यान्वयन इकाई मार्फत गुनासो सुनुवाईको व्यवस्था मिलाउने ।

(७) केन्द्रीय आवास पुनर्निर्माण निर्देशक समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि निर्देशक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**९. दक्षता अभिवृद्धि सम्वन्धी तालिमः** दक्षता अभिवृद्धि सम्वन्धी तालिम केन्द्र, जिल्ला तथा स्थानीय स्तरमा संचालन गरिने छ । उक्त तालिम सहरी विकास मन्त्रालयबाट स्विकृत कार्यविधि तथा विषयवस्तुहरु वमोजिम हुनु पर्नेछ । कुनै विदेशी वा स्वदेशी संघसंस्थाहरुले यस्तो तालिम सञ्चालन गर्न चाहेमा सोही कार्यविधि तथा विषयवस्तु भित्र रही तालिम सञ्चालन गर्नुपर्ने छ । यस्ता तालिम केन्द्रीय तथा जिल्लास्तरमा देहाय बमोजिम संचालन गर्नुपर्नेछ :-

(क) केन्द्रीयस्तरः पुनर्निर्माण गरिने आवासहरुको "नमूना डिजाईन तथा नेपाल राष्ट्रिय भवन संहिता" सम्वन्धी प्रशिक्षण तालिम संचालन गरिनेछ ।

(ख) जिल्लास्तरः जिल्ला स्तरमा भूकम्पबाट प्रभावित जिल्लाहरुमा जिल्ला स्थित कार्यालय तथा अन्य संलग्न संघ संस्थाहरुमा कार्यरत प्राविधिक कर्मचारी तथा स्थानीय परामर्शदाताहरुलाई "नमूना डिजाईन तथा नेपाल राष्ट्रिय भवन संहिता" सम्बन्धी तालिमहरु सञ्चालन गरिने छन् । भूकम्प प्रभावित स्थानहरुमा डकर्मी तथा सिकर्मीको तालिम सञ्चालन गरिने छ । यस्ता तालिममा स्थानीय युवाहरुलाई समावेशी आधारमा सहभागी गराउन प्राथमिकता दिइनेछ ।

**१०.निर्देशन दिन सक्नेः** यस कार्यविधि बमोजिमको काम कारबाहीको सन्दर्भमा केन्द्रीय दैवी प्रकोप उद्धार समिति र केन्द्रीय आवास पुनर्निर्माण निर्देशक समितिले सम्बन्धित सरकारी निकाय, गठन भएका समिति तथा इकाईहरु र विकास साझेदारहरुलाई निर्देशन दिन सक्ने छ । यस्ता निर्देशन पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**११. आय आर्जन कार्यक्रमः** लघु वित्त र स्थानीय सहकारी संस्थाहरुलाई परिचालन गरी विपन्न लाभग्राहीहरुको आय आर्जनका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

**१२. सोलार बत्ती सम्बन्धमाः** यो कार्यविधि अनुसार अनुदान प्राप्त गरी भवन/आवास निर्माण गर्ने लाभग्राहीले न्यूनतम १० वाटको सोलारबत्ती जडान गर्नु पर्नेछ । सोलार बत्ती जडान गर्ने कार्य वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको अनुदान सहयोग र समन्वयमा गरिनेछ ।

**१३. विवाद समाधान:** विभागहरु, जिल्ला स्थित कार्यालयहरु, अन्य स्थानीय निकायहरु, सम्वन्धित इकाईहरु र लाभग्राहीहरुबीच कुनै विवाद उत्पन्न भए दफा ८ को उपदफा (२) बमोजिमको केन्द्रीय आवास पुनर्निर्माण निर्देशक समितिको निर्णय अन्तिम हुनेछ ।

**१४. फरफारक हुने:** कुनै लाभग्राहीले कुनै कारणबस निर्माण कार्य बीचैमा छोडेमा निर्माण भएको कार्यको मूल्यांकन गरी सम्पन्न भएको कार्यको फरफारक गरिनेछ ।

**१५. कारबाही हुने:** यस कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले झुट्टा विवरण पेश गरेमा वा यस्तो व्यहोरा सिफारिस गरेको पाइएमा त्यस्ता व्यक्तिबाट सम्पूर्ण लागत असूल गरी कानून बमोजिम कारबाही गरिनेछ ।

**१६. सहुलियत ऋण प्रवाह:** नेपाल राष्ट्रिय भवन संहिताको पालना तथा भुकम्प प्रतिरोधात्मक प्रविधि प्रयोगको प्रत्याभूती सूनिश्चित गर्न बैंक तथा वित्तीय संस्थाहरुबाट सहुलियत ऋण प्रवाह गरी पुनर्निर्माण हुने आवास भवनहरुको किस्ता भूक्तानी गर्ने कार्य समेत यसै कार्यविधि बमोजिमको प्राविधिक प्रमाणीकरणको आधारमा मात्र सम्बन्धित निकायले गर्नु पर्नेछ ।

**१७. स्वदेशी वा विदेशी संघसंस्थाबाट अनुदान वितरण सम्बन्धी व्यवस्था:** स्वदेशी वा विदेशी संघसंस्थाबाट आवास भवन निर्माण अनुदान वितरण गर्दा यसै कार्यविधि अनुरुप गर्नु पर्नेछ ।

**१८. अन्य निकायले सहयोग गर्ने:** नेपाल सरकारका सेवा तथा पूर्वाधार सम्बन्धी निकायहरुले यस कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक प्राविधिक तथा अन्यजनशक्ति उपलब्ध गराई सहयोग गर्नुपर्ने छ ।

**१९. कार्यविधिमा संशोधन:** नेपाल सरकारले यस कार्यविधिलाई समयानुकूल संशोधन गर्न सक्नेछ । यस्तो संशोधन गर्दा आर्थिक दायित्व पर्ने भएमा अर्थ मन्त्रालयको पूर्व सहमति लिनुपर्नेछ ।

**२०. यो कार्यविधि बमोजिम हुने :** यो कार्यविधिमा लेखिएको व्यवस्था यसै कार्यविधि बमोजिम हुनेछ । कुनै प्रावधानहरु नेपाल कानून संग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

**२१. खारेजी र बचाउ:** (१) "भूकम्पबाट पूर्णरुपमा क्षति भएका आवास पुन:निर्माण अनुदान सहायता प्रवाह कार्यविधि २०७२" खारेज गरिएको छ ।

(२) "भूकम्पबाट पूर्णरुपमा क्षति भएका आवास पुन:निर्माण अनुदान सहायता प्रवाह कार्यविधि २०७२" अनुसार गरिएका कार्यहरु यसै कार्यविधि अनुसार गरिएको मानिनेछ ।

# अनुसूचि - १

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

## दरखास्त फारम

श्री जिल्ला आयोजना कार्यान्वयन इकाई
................................ जिल्ला
मार्फत ............................ गाउँ विकास समिति/नगरपालिका

**विषय : भूकम्पबाट पूर्णरुपमा क्षति भएका आवास पुनर्निर्माण लागि अनुदान पाउँ ।**

नेपाल सरकारको "भूकम्पबाट पूर्णरुपमा क्षति भएका आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि २०७२" अनुसार म ........................................ को नाती/बुहारी ................................................... को छोरा/श्रीमती ......................................................... स्थायी ठेगाना भएको लाभग्राही श्री/श्रीमती................................................................................ को ...................................................................................स्थानमा २०७२ सालको विनाशकारी भुकम्पबाट घर क्षति भएको कुरा साँचो हो । सगोलमा बसेका मेरो परिवार र मेरो यस ठाउँ बाहेक नेपाल राज्य भरी अन्त कतै आवास भवन छैन । त्यसैले देहायका कागजात सहित अनुदान प्राप्त गर्नको लागि यो निवेदन दिएको छु । यो व्यहोरा झुठो ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

**दायाँ** **बायाँ**

निवेदक :

| नाम : | दस्तखतः | मिति : | ठेगानाः |
|---|---|---|---|
| | | | |

कुनै एक विवरण भर्ने :

| नागरिकता प्रमाण पत्र नं.: | मतदाता परिचय नंः | जग्गा धनी प्रमाण पूर्जा नंः | स्थानीय समुदायको रोहवरमा स्थानीय निकायले प्रमाणीकरण गरेको भए सो को विवरण : |
|---|---|---|---|
| | | | |

## अनुसूचि - २
(दफा ५ उपदफा (१) सँग सम्बन्धित)

## स्वघोषणा

म ........................................ को नाती/बुहारी .................................................. को छोरा/श्रीमती .......................................................... स्थायी ठेगाना भएको लाभग्राही श्री/श्रीमती......................................................................................... को ..........................................................................................स्थानमा २०७२ सालको विनाशकारी भुकम्पबाट घर क्षति भएको कुरा साँचो हो । सगोलमा बसेका मेरो परिवार र मेरो यस ठाउँ बाहेक नेपाल राज्य भरी अन्त कतै आवास भवन छैन र अर्को स्थानमा आवास भवन निर्माण गर्ने प्रयोजनका लागि नेपाल सरकार वा अन्य कुनै स्वदेशी वा विदेशी संघ सँस्थाबाट अनुदान प्राप्त गरेको छैन र गर्ने पनि छैन । नेपाल सरकारको "भूकम्पबाट पूर्ण रुपमा क्षति भएका आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि २०७२" बमोजिम यो स्वघोषाणा मैले आफ्नै राजी खुसीले गरेको हो । यो व्यहोरा झुठो ठहरेमा सरकारी बाँकी सरह असुल उपर गर्न मन्जुर छु ।

**दायाँ** **बायाँ**

| नाम : | दस्तखतः | मिति : |
|---|---|---|
| | | |

कुनै एक विवरण भर्ने :

| नागरिकता प्रमाण पत्र नं.: | मतदाता परिचय नंः | जग्गा धनी प्रमाण पूर्जा नंः | स्थानीय समुदायको रोहवरमा स्थानीय निकायले प्रमाणीकरण गरेको भए सो को विवरण : |
|---|---|---|---|
| | | | |

# अनुसूची - ३

(दफा ५ उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

## दरखास्त संकलन, स्वीकृती, प्राविधिक निरीक्षण र किस्ता वितरण प्रकृयाः

| सि. नं. | क्रियाकलाप | जिम्मेवार निकाय | विस्तृत विवरण |
|---|---|---|---|
| १. | लाभग्राहीको दरखास्त | स्थानीय निकायले संकलन गर्ने | जिल्ला आयोजना कार्यान्वयन इकाईले दरखास्त फारम स्थानीय निकायलाई उपलब्ध गराउने । सोही दरखास्त फारम स्थानीय निकायले लाभग्राहीलाई उपलब्ध गराई स्थानीय निकायको सिफारिस सहित जिल्ला आयोजना कार्यान्वयन इकाईमा पठाउने । |
| २. | लाभग्राही स्वीकृती | जिल्ला आयोजना कार्यान्वयन ईकाई | स्थानीय निकायको सिफारिसको आधारमा जिल्ला आयोजना कार्यान्वयन इकाईले लाभग्राही स्वीकृती गरी अभिलेख राख्ने । |
| ३. | स्वघोषणा र समझदारीपत्रमा दस्तखत | लाभग्राही र स्थानीय निकाय | जिल्ला आयोजना कार्यान्वयन इकाईको स्वीकृतीको आधारमा स्थानीय निकायमा लाभग्राही र स्थानीय निकायवीच गर्ने । |
| ४. | प्रथम किस्ता वितरण | स्थानीय निकाय | पहिलो २५% रकम सम्बन्धित लाभग्राहीको वैक खाता भए खातामा र खाता नभएमा नगदै उपलब्ध गराइने । यो रकमवाट जग र प्लिन्थ सम्म निर्माण गर्नुपर्ने । |
| ५. | प्रविधिक निरीक्षण -१ | स्थानीय निकाय, जिल्ला आयोजना कार्यान्वयन इकाई | जग र प्लिन्थ सम्मको कार्य भूकम्प प्रतिरोधी प्रविधिबाट गरे नगरेको, गुणस्तर कायम भए नभएको वारेमा निर्माण कार्यको शुरुवात देखि नै सुपरिवेक्षण गरी प्लिन्थ सम्मको निर्माण कार्य सम्पन्न भएपछि दोश्रो किस्ताको लागि सिफारिस गर्न डिभिजन कार्यालयले प्राविधिक निरीक्षण -१ गर्ने । |
| ६. | दोश्रो किस्ता वितरण | स्थानीय निकाय | दोश्रो ५०% रकम सम्वन्धित लाभग्राहीको खातामा जम्मा हुने गरी भुक्तानी दिने । यो रकमबाट प्लिन्थभन्दा माथि गाह्रोको काम र छाना छाउने कार्य सम्पन्न गर्न खर्च गर्ने । |
| ७ | प्राविधिक निरीक्षण -२ | स्थानीय निकाय, जिल्ला आयोजना कार्यान्वयन इकाई | प्लिन्थ भन्दा माथि गाह्रो झ्याल ढोकाको चौकोस राख्ने सम्पूर्ण कार्य भूकम्प प्रतिरोधि प्रविधि वमोजिम गरे नगरेको वारेमा नियमित सुपरिवेक्षण गरी गाह्रो लगाउने र छाना छाउने काम सम्पन्न भएपछि अन्तिम किस्ताको लागि सिफारिस गर्न डिभिजन कार्यालयले प्राविधिक निरीक्षण -२ गर्ने । |
| ८. | अन्तिम किस्ता | स्थानीय निकाय | बाँकी २५% रकम सम्वन्धित लाभग्राहीको खातामा जम्मा हुने गरी भुक्तानी दिने । यो रकमवाट बाँकी कार्य र झ्याल, ढोका, फिनिसिङ, शौचालय लगायत वर्षातको पानी संकलन, सोलार बत्ती, वायोग्यास तथा चट्याङबाट बच्ने उपायहरु समेतको लागि खर्च गर्ने । |
| ९. | अन्तिम प्राविधिक परीक्षण | स्थानीय निकाय, जिल्ला आयोजना कार्यान्वयन इकाई | साधारणतया काम सम्पन्न भएको ६ महिना भित्र अन्तिम प्राविधिक परीक्षण गर्ने । |